कृषि तथा वन विज्ञान विश्वविद्यालय
**Agriculture and Forestry University**
Rampur, Chitwan, Nepal
www.afu.edu.np

मिति : २०८३/०४/२१

## B. Sc. Ag. / B. V. Sc. & A. H. / B. Sc. Fisheries/B. Sc. Forestry कार्यक्रममा विद्यार्थी भर्नाका लागि एकीकृत प्रवेश परीक्षाको अनलाइन आवेदन फाराम भर्ने सम्बन्धी सूचना

शैक्षिक सत्र २०८३/०८४ को लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालयका संकायहरु, आंगिक कलेजहरु तथा सम्बन्धन प्राप्त कलेजहरुमा स्नातक तहको विभिन्न शैक्षिक कार्यक्रमहरुमा अध्ययन गर्न तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका इच्छुक नेपाली एवं विदेशी विद्यार्थीहरुले **मिति २०८३/०४/२१ गते विहिवारबाट एकीकृत प्रवेश परीक्षाका** लागि अनलाईन आवेदन दिन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवेदन आवाह्न गरिएको स्नातक तहका शैक्षिक कार्यक्रमहरु :**

| | |
|---|---|
| क) **कृषि संकाय, रामपुर** र त्यस अर्न्तगतका आंगिक तथा सम्बन्धनप्राप्त कलेजहरु | Bachelor of Science in Agriculture (B. Sc. Ag.) (कृषि स्नातक, ४ वर्ष) |
| ख) **पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान संकाय, रामपुर** | i. Bachelor of Veterinary Science and Animal Husbandry (B. V. Sc. & A. H.) (पशु चिकित्सा तथा पशुपालन स्नातक, ५ वर्ष)<br>ii. Bachelor of Science in Fisheries (B. Sc. Fisheries) (मत्स्य विज्ञान स्नातक, ४ वर्ष) |
| ग) **वन विज्ञान संकाय, हेटौंडा** अर्न्तगतका आंगिक तथा सम्बन्धनप्राप्त कलेज | Bachelor of Science in Forestry (B. Sc. Forestry) (वन विज्ञान स्नातक, ४ वर्ष) |

उपरोक्त सबै कार्यक्रमको एउटा मात्र अनलाइन आवेदन फाराम र एकीकृत प्रवेश परीक्षा सञ्चालन गरी विद्यार्थी भर्ना मेरिटको आधारमा गरिनेछ।

**१) आवेदन दिने, प्रवेशपत्र उपलब्ध हुने, परीक्षा सञ्चालन, नतिजा र भर्ना सम्बन्धी विवरण:**

| | |
|---|---|
| आवेदन दिने मितिः | **२०८३ श्रावण २१ गते विहिवार देखि भदौ १७ गते बुधवार राती १२:०० बजेसम्म** अनलाईन विधिबाट मात्र। |
| प्रवेश पत्र उपलब्ध हुने मितिः | **२०८३ भदौ १९ गते शुक्रवार, बिहान ९:००** बजेबाट Online Application Portal को Admit Card Menu बाट Download गरी Color Print गर्नुपर्नेछ। |
| प्रवेश परीक्षा मिति र स्थानः | **२०८३ भदौ २० गते शनिबार, बिहान ९:००** बजे।<br>परीक्षा स्थानहरुः **रामपुर (चितवन), हेटौंडा (मकवानपुर), काठमाडौं, जनकपुर (धनुषा), इटहरी** (सुनसरी) र **नेपालगंज** (बाँके)। आवेदकले छनौट गरेको परीक्षा केन्द्र परिर्वतन गरिने छैन। परीक्षा केन्द्र सम्बन्धि सूचना पछि प्रकाशित गरिनेछ। |
| नतिजा प्रकाशनः | **२०८३ भदौ २० गते शनिबार, विश्वविद्यालयको वेब साईटमा** प्रकाशन गरिने छ। |
| विद्यार्थी भर्नाः | **२०८३ भदौ २४ वुधवार देखि भदौ मसान्तसम्म** विद्यार्थी भर्ना गरिनेछ। |

**२) आवेदनको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता:**

सबै संकाय अर्न्तगतका स्नातक तहको प्रवेश परीक्षाको आवेदनका लागि न्यूनतम शैक्षिक योग्यता तपशिल बमोजिम निर्धारण गरिएको छ।

| क्र.सं. | शैक्षिक उपाधि | न्यूनतम शैक्षिक योग्यता | | |
|---|---|---|---|---|
| | | कूल प्राप्ताङ्क (प्रतिशतमा) | प्राप्ताङ्क (CGPA) | अध्ययन गरेको बिषयहरु |
| १. | SEE/SLC वा सो सरह | उत्तीर्ण | | |
| २. | १०+२ विज्ञान, १०+२ (कृषि/भेटेरिनरी/ पशु विज्ञान/वन विज्ञान, आई.एस्सी./ डिप्लोमा (कृषि/भेटेरिनरी/पशु विज्ञान/वन विज्ञान/स्वास्थ्य विज्ञान), A Level वा सो सरह | ४० | C (२.००) | कम्तिमा १०० पूर्णाङ्कको अंग्रेजी, फिजिक्स, केमेष्ट्रि, बायोलोजी बिषयहरु अध्ययन गरेको तथा Theory र Practical हुने बिषयहरुको हकमा एकमुष्ट कम्तिमा C Grade हुनु पर्नेछ। |

**नोटः** B. V. Sc. & A. H. कार्यक्रमको हकमा शैक्षिक उपाधिको क्र.सं.२ मा C+ (२.४०) CGPA वा ५०% प्राप्ताङ्क हुनुपर्नेछ।

**३) आवेदन शूल्कः**

आवेदन शूल्क रु.३,०००।- (तीन हजार मात्र) अनलाइन फाराम भर्दा e-payment बाट भुक्तानी गर्नु पर्नेछ।

**४) अनलाइन आवेदन फाराम भर्ने र प्रवेशपत्र प्राप्त गर्ने विधिः**

विश्वविद्यालयको Online Application Portal, **https://admission.afu.edu.np** मा register गरी माग गरिएका विवरण, आवश्यक कागजातहरु समावेश गरी आवेदन दिन सकिनेछ। रीतपूर्वक तथा पूर्णरुपले नभरिएको Online आवेदन उपर कुनै कारवाही गरिने छैन तथा माग गरिएका कागजात र विवरण झूठो वा अपुग पाईएमा आवेदन बदर हुनेछ।

Online application भर्दा निम्न लिखित कागजपत्रहरु स्क्यान कपि/ईकपिहरु क्रमबद्ध रुपमा राखी Upload गर्नुपर्नेछ।

(क) हालसालै खिचेको पासपोर्ट साइजको फोटो र आवेदकको हस्ताक्षर
(ख) नेपाली नागरिकताको प्रमाणपत्र (नागरिकताको प्रमाणपत्र नभएका नेपाली नागरिकको हकमा राष्ट्रिय परिचय पत्र वा जन्मदर्ताको प्रमाणपत्र)
(ग) SEE/SLC वा सो सरहको परीक्षाको ग्रेडसिट र प्रमाणपत्र
(घ) प्रमाणपत्र तह/१०+२ को ट्रान्सक्रिप्ट वा सो सरहको ग्रेडसिट र प्रमाणपत्र
(ङ) समानस्तर निर्धारणको प्रमाणपत्र (विदेशी शैक्षिक संस्थाहरुबाट उपाधि प्राप्त गरेको हकमा मात्र)
(च) कोटाहरुमा आवेदन दिन चाहेमा सम्बन्धित कोटाहरुको प्रमाणपत्र वा सिफारिस पत्र

Online Application Portal बाहेक अन्य माध्यमबाट प्राप्त आवेदन तथा कागजपत्रहरु उपर कुनै कारवाही गरिने छैन। अपुग कागजपत्र तथा अपुरो जानकारी वा दोहोरो आवेदन पेश भई बदर गरिने आवेदन वापतको प्रवेश परीक्षा शूल्क फिर्ता हुने छैन। आवेदन सदर भए पश्चात **२०८३ भदौ १९ गते शुक्रवार बिहान** ९:०० बजेबाट https://admission.afu.edu.np अनलाईन Application Portal मा Log in गरी Admit Card Menu बाट आवेदक स्वयम्ले Download गरी Color Print गर्नुपर्नेछ। प्रवेश परीक्षा दिन आउदा प्रवेश पत्र र नागरिकता/राष्ट्रिय परिचयपत्र/सवारी चालक अनुमती पत्र/राहदानीको सक्कल अनिवार्य रुपमा ल्याउनु पर्नेछ। अनलाइन आवेदन भर्दा कुनै **कठिनाई भएमा entrance@afu.edu.np** मा सम्पर्क गरी प्राविधिक सहयोग लिन सकिनेछ।

**५) प्रवेश परीक्षा, प्रश्नपत्र र भर्नाको आधार सम्बन्धि जानकारीः**

प्रवेश परीक्षामा प्रमाणपत्र तह/१०+२ वा सो सरहको पाठ्यक्रमबाट तल उल्लेखित विषयहरुका बहुछनौटीय वस्तुगत (Multiple Choice Questions) १२० वटा प्रश्नहरु हुनेछन् र परीक्षा **एक घण्टा तीस मिनेट**को हुनेछ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय

# Agriculture and Forestry University

Rampur, Chitwan, Nepal

www.afu.edu.np

क) अग्रेजी (२२)  ख) केमेष्ट्री (२२)  ग) फिजिक्स (१२)  घ) बोटानी (२२)

ङ) जुलोजी (२२)  च) गणित (१२)  छ) सामान्य ज्ञान (८)

प्रवेश परीक्षाको प्राप्ताङ्कलाई नै १००% अंकभार कायम गरी भर्नाको लागि योग्यताक्रमको सूची (Merit List) तयार गरि नामावली प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको प्राप्ताङ्क बराबर भएमा क्रमशः I. Sc./10+2 को कूल प्राप्ताङ्क (CGPA), SEE/SLC को कूल प्राप्ताङ्क प्रतिशत/ग्रेड र सो पनि बराबर भएमा I. Sc./10+2 को क्रमशः जीव विज्ञान, रसायनशास्त्र, भौतिकशास्त्र र अंग्रेजीमा प्राप्त अङ्कलाई आधार मानी योग्यताक्रम निर्धारण गरिनेछ ।

योग्यताक्रम सूची (Merit List) को आधारमा भर्ना **भदौ २४ गते बुधवारबाट** शुरु गरिनेछ । नतिजा, मेरिट क्रमाङ्क तथा भर्ना सम्बन्धी सम्पूर्ण सूचनाहरु विश्वविद्यालयको वेबसाईट www.afu.edu.np मा प्रकाशित गरिनेछ ।

**६) विद्यार्थी भर्ना सिट (मेरिट र आरक्षित कोटा) को विवरण:**

(क) शैक्षिक सत्र २०८३/०८४ को लागि स्नातक तहको सबै कार्यक्रमहरुको विद्यार्थी भर्ना सिट संख्या निम्न बमोजिम निर्धारण गरिएको छ ।

| क.सं. | भर्ना सिट (मेरिट र आरक्षित कोटा) विवरण | कृषि संकाय (B. Sc. Ag.) | | | पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय, रामपुर | | वन विज्ञान संकाय (B. Sc. Forestry) | |
|---|---|---|---|---|---|---|---|---|
| | | कृषि संकाय, रामपुर | आंगिक कलेज | *आंगिक कलेज | B. V. Sc. & A. H. | B. Sc. Fisheries | हेटौडा, मकवानपुर | आंगिक कलेज (कटारी) |
| १. | मेरिट | ७४ | २० | २० | २० | ७ | ४१ | २१ |
| २. | प्रदेश | - | १० | ५ | ७ | - | - | - |
| | पिछडिएको क्षेत्र | - | - | - | - | - | २ | १ |
| ३. | छात्रा | ९ | २ | २ | २ | १ | २ | २ |
| ४. | आदिवासी/जनजाती | ६ | १ | १ | १ | १ | २ | १ |
| ५. | मधेशी | ६ | १ | १ | १ | १ | २ | १ |
| ६. | दलित | ६ | १ | १ | १ | १ | २ | १ |
| ७. | अपाङ्ग | ३ | १ | १ | १ | १ | १ | १ |
| ८. | द्वन्द्व पिडित परिवार | ३ | १ | १ | १ | १ | १ | १ |
| ९. | शहिद परिवार | २ | १ | १ | | | १ | १ |
| १०.१ | स्टाफ कोटा (सहुलियत शूल्क) | ४ | १ | १ | १ | १ | २ | १ |
| १०.२ | स्टाफ कोटा (पूर्ण शूल्क) | २ | १ | १ | १ | - | २ | १ |
| ११.१ | पूर्ण शुल्क (UDF/CDF) | ४५ | १२ | १२ | ११ | ५ | २२ | १८ |
| ११.२ | स्थानिय कोटा (पूर्ण शुल्क) | २ | २ | २ | २ | २ | २ | २ |
| ११.३ | नेपाल सरकार (पूर्ण शुल्क) | - | - | - | १ | १ | ३ | २ |
| १२. | FDF | - | - | - | ४७ | - | - | - |
| १३ | विदेशी विद्यार्थी कोटा | ५ | - | - | ३ | १ | ३ | - |
| | जम्मा | १६७ | ५४ | ४९ | १०० | २३ | ८८ | ५४ |

***कृषि संकाय अर्न्तगतका आंगिक कलेजमध्ये खजुरा, बाँके र माडीचौर, रोल्पालाई ४९, ४९ कोटा ।**

नोटः

- विदेशी विद्यार्थी भर्नाको हकमा कृषि तथा वन विज्ञान विश्वविद्यालयको विदेशि विद्यार्थी भर्ना सम्वन्धि कार्यविधि २०८३ अनुसार गरिने छ । Foreign students may submit the application documents via the link: https://admission.afu.edu.np/foreign-student
- विश्वविद्यालयले संचालन गर्ने B. V. Sc. & A. H. ५ वर्षे, B. Sc. Ag./B. Sc. Forestry/B. Sc. Fisheries ४ वर्षे शैक्षिक क्यालेन्डर अनुसार संचालन गरिनेछ ।
- B. V. Sc. & A. H. भर्नाको हकमा नेपाल सरकार, पशु सेवा विभागसंग भएको MoU अनुसार आवेदकहरु मध्ये प्रवेश परीक्षाको योग्यताक्रमको आधारमा भर्ना लिईने छ र उक्त कोटा लगायत अन्य कुनै कोटा रिक्त हुन आएमा UDF कोटामा समावेश गरिनेछ ।
- कृषि संकायको B. Sc. Ag. र पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान संकायको B. Sc. Fisheries मा यस विश्वविद्यालयसँग नेपाल सरकार, नेपाल कृषि अनुसन्धान परिषद् वा अन्य संघ संस्थावाट MoU भए बमोजिम मनोनयन भई आउने व्यक्तिहरु उल्लेखित कोटामा समावेश गरिएको छैन ।
- वन विज्ञान संकायको हकमा नेपाल सरकारबाट मनोनयन भई आउने व्यक्तिहरुको भर्ना MoU बमोजिम हुनेछ ।
- यदि कुनै कोटामा विद्यार्थी भर्ना नभएको अवस्थामा B. V. Sc. & A. H. मा FDF र अन्य कार्यक्रमहरुको हकमा संकाय र कलेजका UDF/CDF मा समावेश गरीनेछ ।

(ख) आरक्षण कोटाको हकमा छात्रा बाहेक अन्य कोटामा भर्ना हुन चाहेमा सम्बन्धित निकायको प्रमाणपत्र वा सिफारिस पत्र अनलाइन आवेदन भर्दाको बखत नै पेश गर्नु पर्नेछ । अन्यथा त्यस उपर कारबाही गरिने छैन । सबै प्रदेशहरुको प्रादेशिक कोटाको लागि पूर्ण सरकारी अनुदानमा संचालित सामुदायिक माध्यमिक विद्यालयवाट SEE उर्त्तीर्ण गरेको विद्यालय पूर्ण सरकारी भएको व्यहोराको लागि महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका वा गाँउपालिका कार्यालयको सिफारिस पत्र पेश गर्नुपर्नेछ । प्रादेशिक कोटा अर्न्तगत पढ्नको लागि स्थायी ठेगाना र सामुदायिक विद्यालयमा अध्ययन गरेको एकै प्रदेश अर्न्तगतको हुनु पर्नेछ । पिछडिएको क्षेत्रको कोटा अर्न्तगत भर्नाका लागि स्थायी ठेगाना र सामुदायिक विद्यालय सम्बन्धित क्षेत्र अर्न्तगत नै हुनु पर्नेछ । प्रादेशिक र पिछडिएको क्षेत्र कोटामा भर्ना हुन सामुदायिक विद्यालयका आवेदक नभएमा/अपुग भएमा निजी विद्यालयलाई समावेश गरिनेछ ।

| आरक्षित कोटा | प्रमाणिकरण गर्ने निकाय |
|---|---|
| आदिवासी/जनजाती कोटा | आदिवासी जनजाती राष्ट्रिय महासंघ/सम्बन्धित जिल्ला/ईलाका प्रशासन कार्यालय/ स्थानीय तह । |
| मधेशी कोटा | सम्बन्धित जिल्ला/ईलाका प्रशासन कार्यालय/राष्ट्रिय मधेशी आयोग /स्थानीय तह । |
| दलित कोटा | राष्ट्रिय दलित आयोग/स्थानीय तह |
| अपाङ्ग कोटा | बालबालिका, महिला तथा समाज कल्याण मन्त्रालय/स्थानीय तह । |
| द्वन्द्व पिडित परिवार कोटा | आवेदकको नाता खुलेको (श्रीमान्, श्रीमती, छोरा, छोरी) प्रमाणित हुने गरी सिफारिस पत्र सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/नेपाल सरकारको सम्बन्धित मन्त्रालय । |

| आरक्षित कोटा | प्रमाणिकरण गर्ने निकाय |
|---|---|
| शहिद परिवार कोटा | आवेदकको नाता खुलेको (श्रीमान्, श्रीमती, छोरा, छोरी) प्रमाणित हुने सिफारिस पत्र सम्बन्धित जिल्लाको जिल्ला/ईलाका प्रशासन कार्यालय/नेपाल सरकारको सम्बन्धित मन्त्रालय । |
| स्टाफ कोटा | सम्बन्धित स्थायी शिक्षक तथा कर्मचारी र आवेदकको नाता खुलेको (श्रीमान्, श्रीमती, छोरा, छोरी) प्रमाणित हुने नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र कार्यरत निकाय प्रमुखको सिफारिस । |
| स्थानीय कोटा | संकायहरु र कलेजहरु अवस्थित स्थानको स्थानीय निकाय (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाँउपालिका) को सिफारिस पत्र । सम्बन्धित स्थानीय तहको आवेदक नभएको खण्डमा उक्त संकाय/कलेज अवस्थित जिल्लाको स्थायी बासिन्दालाई यस कोटा अन्तर्गत भर्ना लिईनेछ । |

(ग) कुनै कलेजको निर्धारित सिट संख्याको ५०% भन्दा कम विद्यार्थी भर्ना भएमा ती विद्यार्थीहरुलाई संकायले निर्धारण गरेको मेरिटको आधारमा अन्य आंगिक कलेजहरुमा स्थानान्तरण गरि अध्यापन गराईनेछ ।

(घ) सम्वन्धन प्राप्त निजी कलेजहरुको भर्ना सिट संख्या समावेश गरिएको छैन र यस सम्बन्धमा अर्को सूचना मार्फत जानकारी गरिनेछ ।

७) अनलाइन आवेदन, प्रवेश परीक्षा सञ्चालन, भर्ना सम्बन्धि अन्य सबै कार्य सञ्चालन यस एकीकृत प्रवेश परीक्षा व्यवस्थापन समितिबाट गरिनेछ ।

अध्यक्ष

एकीकृत प्रवेश परीक्षा व्यवस्थापन समिति २०८३

Application Portal

Entrance Syllabus